# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं :०७३/७४ धैबुङ्ग, रसुवा

च. नं :  ३ नं प्रदेश नेपाल

### योजना सम्झौतादेखि भुक्तानीसम्म गाउँपालिकामा पेश गर्नुपर्ने कागजातहरु

क. सम्झौताको लागि पेश गर्नुपर्ने कागजात

१. निर्वाचित जनप्रतिनिधिको रोहवरमा उपभोक्ताहरुको भेलाले छनौट गरेको कम्तिमा अध्यक्ष, कोषाध्यक्ष वा सचिव मध्ये एकजना महिला सहित कम्तीमा ३३% महिला भएको ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन भएको हुनुपर्ने,
२. उपभोक्ताले विनियोजित तथा जनश्रमदानबाट योजनाको कुन भागको कुन काम गर्ने भन्ने निर्णयको प्रतिलिपि,
३. उपभोक्ता समितिको निर्णयले सम्झौताका लागि तोकेको पदाधिकारीले सम्झौता गरी पाउँ भन्ने उपभोक्ताको छाप सहितको पत्र,
४. प्राविधिक इस्टिमेट,
५. वडा स्तरीय योजना वडामा नै सम्झौता गर्ने र गाउँपालिकास्तरीय योजना भए वडा कार्यालयको सम्झौताको लागि सिफारिस,
६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख. भुक्तानी माग गर्नको लागि पेश गर्नुपर्ने कागजातहरु

१. भुक्तानीको लागि समितिको अध्यक्षको छाप सहितको निवेदन,
२. काम सम्पन्न भएको र कुन कुन शिर्षकमा कति कति रकम खर्च भयो भन्ने बैठकको निर्णयको प्रतिलिपि,
३. बैंक खाता नम्बर,
४. गाउँपालिकाले उपलब्ध गराएको अनुसूचि १३, १४ र २८,
५. वडा स्तरीय अनुगमन समितिको निर्णय,
६. वडा कार्यालयको भुक्तानीको लागि पत्र,
७. काम अघि र पछिको र काम हुँदै गर्दा र सूचना पाटीमा लेखिएको विस्तृत विवरणको कम्तीमा पाँचवटा फोटो।
८. डोर हाजिर फाराम जसमा श्रमदान समेत खुल्नुपर्ने,
९. बील भरपाई,
१०. कार्य सम्पन प्राविधिक प्रतिवेदन,
११. वडा कार्यालयको सिफारिस ।

ग. अनुगमन

१. गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन गरी सो को प्रतिवेदन वा निर्णय प्राप्त भएपछि सो आधारमा भुक्तानी गरिने ( रु. ४ लाखदेखिको योजनामा सबैले देख्ने गरी राखेको सूचना पाटी दुरुस्त अवस्थामा राखेको हुनु पर्ने),
२. अनुगमन टोलीलाई जानकारी दिन उपभोक्ता समितिको अध्यक्ष/सचिव/कोषाध्यक्ष मध्य कम्तीमा एक जनाले सम्झौताको समयमै सम्पर्क नम्बर दिई योजनाको जानकारी दिनुपर्ने ।

घ. भुक्तानी

- माथि उल्लेखित सबै कागजात प्राप्त भएपछि आर्थिक प्रशासन शाखाबाट उपभोक्ता समितिको नाममा बैंक खातामा रकम भुक्तानी गरिनेछ,
- भुक्तानीको लागि आउँदा उपभोक्ता समितिको छाप अनिवार्य लिएर आउनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत